"Hands up for #HIVprevention"

# "हामी सबैको काम, एचआईभीको रोकथाम"

## २९औं विश्व एड्स दिवस २०७३

## (१६ मंसिर, २०७३, १ डिसेम्बर, २०१६)

विश्वमा जनस्वास्थ्य, सामाजिक तथा आर्थिक क्षेत्रहरुका साथै दिगो विकासका लक्ष्यहरु समेत हासिल गर्न एचआइभी तथा एड्स एक चुनौतीको रुपमा रहेको छ। सन् २०१५ को डिसेम्बर सम्ममा संसारभरका करिब ३ करोड ६७ लाख व्यक्तिहरूमा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ भने नेपालमा करिब ३९,३९७ जनामा एचआइभीको संक्रमण भएको अनुमान छ। नेपालमा १५ वर्षदेखि ४९ वर्षको उमेर समुहमा एचआइभी व्याप्तता दर (HIV Prevalence Rate) ०.२० प्रतिशत अर्थात् प्रति हजारमा दुई जना रहेको अनुमान छ। नेपालमा आ.व. २०७२/७३ (सन् २०१६ जूलाई) सम्ममा १२,४४६ जना एचआइभी संक्रमित एन्टिरेट्रोभाइरल (एआरभी) औषधि उपचारमा रहेका छन। हालसम्मको तथ्यांक अनुसार नेपालमा करीब ८५ प्रतिशत एचआइभी संक्रमण असुरक्षित यौनसम्पर्कको माध्यमबाट सरेको पाइएको छ। नेपालमा हाल मुख्य रुपमा एचआइभी संक्रमण यौनकर्मी तथा उनीहरुका ग्राहकहरु, पुरुष समलिंगीहरु, तेस्रोलिंगीहरु, सुईद्वारा लागूपदार्थ लिने व्यक्तिहरु, र प्रवासी कामदारहरुमा केन्द्रित रहेको पाइएको छ।

एचआइभी र एड्स सम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै वृहत्तरूपमा जनचेतना जगाउने र भावी कार्यक्रमको लागि बहुपक्षीय संलग्नता, सहभागिता र प्रतिबद्वता बढाउने अभिप्रायले सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाउदै आईएको छ। एड्स विरुद्ध विश्व अभियान कार्यक्रममा विश्वभरका सबै सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरू, नागरिक समाज, पेशाकर्मी, संचार माध्यम लगायत सबै क्षेत्र र वर्गका व्यक्तिहरू एकजुट भई रोकथामका लागि प्रतिबद्वता र ऐक्यबद्धता जनाउन यो दिवस मनाउने गरिन्छ।

विश्वमा एचआइभी पत्ता लागेको ३५ वर्ष पुगिसकेको छ भने विश्व एड्स दिवस मनाउन थालेको २९ वर्ष भइसकेको छ। प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको पहूँचमा वृद्धि भई नेपाल लगायत विश्वब्यापीरूपमा नै एचआइभीको नयाँ संक्रमण घट्दै गइरहेको छ साथै एचआइभी र एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव पनि कम हुँदै गइरहको छ र संक्रमितहरुको हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा पनि पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि उल्लेख्य कमी आएको छ। तथापि वयस्कहरु (१५-४९ वर्ष) मा एचआइभीको नयाँ संक्रमण सुस्त गतिमा घटिरहेको यूएनएड्सको सन् २०१५ को प्रतिवेदनले देखाएको छ। यूएनएड्सको "Prevention Gap Report, 2016" अनुसार विश्वभर प्रत्येक बर्ष अनुमानित १९ लाख वयस्कहरुमा नयाँ संक्रमण भएको देखिएको छ। विभिन्न अनुसन्धान तथा प्रतिवेदन हरुले एचआइभी रोकथामका कियाकलापहरुलाई थप सुदृढीकरण गरेमा एड्सको महामारी सन् २०३० सम्म अन्त्य गर्न सकिने कुरालाई समेत यसले प्राथमिकताको साथ राखेको छ।

यस वर्ष विश्वव्यापी रुपमा "Hands up for #HIVprevention" मूल नाराका साथ मनाईदै छ। विश्वव्यापी नारालाई आधार मानी नेपालमा पनि **"हामी सबैको काम, एचआइभीको रोकथाम"** भन्ने मूल नाराका साथ विभिन्न कियाकलापहरु गरी मनाईदै छ। यस मूल नाराले एचआइभी रोकथामको विभिन्न पक्षहरुलाई कसरी विशेष समुहहरु जस्तै वयस्क तथा युवा महिलाहरु, एचआइभीको उच्च जोखिममा रहेका समुहहरु र एचआइभी संक्रमितसंग सम्बन्धित कार्यक्रमहरु लैजाने र सुदृढीकरण गर्ने बारे समेटेको छ।

एड्सको महामारीलाई अन्त्य गर्नका लागि हाल सन्चालित राष्ट्रिय र विश्वव्यापी अनुक्रियालाई तीब्रता दिन आवश्यक भएको तथ्य विभिन्न अनुसन्धान तथा कार्यक्रमहरुले देखाएका छन्। जसका लागि सन् २०२० सम्ममा अनुमानित एचआईभी संक्रमित व्यक्तिहरु मध्ये ९० प्रतिशतले परीक्षण गरि आफ्नो एचआइभीको अवस्थाबारे जानकार हुने, जानकार भई संक्रमित पाइएका मध्ये ९० प्रतिशतले एआरभी औषधि उपचार प्राप्त गर्ने र

एआरभी उपचारमा रहेका मध्ये ९० प्रतिशतको शरिरमा भएको एचआइभी भाईरसको भार (Viral Load) मा कमि ल्याउने (<1000 copies/ml) (९०-९०-९०) को लक्ष्य राखिएको छ । साथै सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने महत्वाकांक्षी तर प्राप्त गर्न सकिने लक्ष्य समेत निर्धारण गरिएको छ । सन् २०३० सम्म जनस्वास्थ्य समस्याका रुपमा रहन नदिने दुरदृष्टी समेत राखिएको छ । यी लक्ष्यहरु प्राप्तिका लागि हालै मात्र नेपाल लगायत बिश्वका अन्य देशहरुले प्रतिबद्धता जनाएका छन् ।

विश्वव्यापी रुपमा एचआइभीको नयाँ संक्रमण करीब ४० प्रतिशतले घटेको छ । सन् २०११ देखि २०१५ को तथ्यांक हेर्दा नेपालले ४३ प्रतिशत भन्दा बढि एचआइभीको नयाँ संक्रमण घटाउनमा सफल भएको छ । यस उल्लेखनीय उपलब्धि हासिल गर्नका लागि एचआइभी रोकथामका रणनिती तथा कृयाकलापहरुको मुख्य भुमिका रहेको छ । तसर्थ एचआइभीको कार्यक्रमहरुलाई थप प्रभावकारी ढङ्गबाट लैजानका लागि विभिन्न रोकथामका रणनीति तथा कृयाकलापहरु अबलम्बन गर्नुपर्ने देखिएको छ । यसै अनुरुप राष्ट्रिय एचआइभी रणनैतिक योजना २०१६-२०२१ ले “एचआइभी **परीक्षण गर्ने, उपचार गर्ने र उपचारमा कायम राख्ने**” (Test, Treat and Retain), एचआइभी रोकथामका लागि कण्डमको प्रर्बद्धन तथा प्रयोग, लागू पदार्थ तथा संक्रमित सुई सिरिन्जबाट हुने क्षतिको न्यूनीकरण, आमाबाट बच्चामा सर्ने एचआइभी संक्रमणको निवारण र लान्छना तथा भेदभाव अन्त्य गर्दै नयाँ हुने संकमण दर घटाई मानव अधिकारको सुनिश्चतता समेत गर्ने लक्ष्य लिएको छ ।

“एचआइभी **परीक्षण गर्ने, उपचार गर्ने र उपचारमा कायम राख्ने**” रणनीतिले सकेसम्म चाडो संक्रमणको अवस्थाबारे जानकारी दिई संक्रमित व्यक्तिहरुलाई उपचारको पहुँचमा ल्याउने र संक्रमण नभएको अवस्थामा रोकथामका उपायहरु अबलम्बन गर्ने लक्ष्य लिएको छ । उपचारमा भएकाहरुले अन्य व्यक्तिहरुलाई एचआइभी सार्ने सम्भावना कम हुन्छ जसलाई “**रोकथामको रुपमा उपचार**” (Treatment as a Prevention) रणनीतिको रुपमा लिने गरिन्छ । एचआइभीको जोखिममा भएका तर परीक्षण र परामर्श सेवा लिन नपाएका व्यक्तिहरुको परिक्षण र उपचार गर्नका लागि यस रणनीतिले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ जसबाट एचआइभीको सहजै नियन्त्रण गर्न सकिनेछ ।

एचआइभी रोकथामका लागि कण्डममात्र एक महत्वपूर्ण एवम् प्रभावकारी साधन हो । यूएनएड्सको प्रतिवेदनमा उल्लेख भए अनुसार सन् २०२० सम्ममा लक्षित वर्गहरुमा २० अरब कण्डमको उपलब्धताका लागि विभिन्न देशहरु सहमत भइसकेका छन् । यसका लागि विभिन्न तह र तप्कासम्म कण्डमको बारेमा जानकारी र प्रर्बद्धनका शिक्षाहरु थप प्रभावकारी रुपमा लैजान आवश्यक रहेको छ । साथै लागू पदार्थ र सुई/सिरिन्जबाट हुने क्षतिन्यूनीकरणका लागि र यस सम्बन्धी थप कार्यक्रमहरुको आवश्यकता पहिचान गरि लक्षित समुदाय सम्म पुऱ्याउनु आवश्यक छ । अन्त्यमा, लक्षित समुदायहरु तथा एचआइभी संक्रिमतहरुको पूर्ण तथ्याङ्क संकलन गरी उनीहरुको आत्मसम्मान र मानव अधिकारको सुनिश्चतता गर्न सकेमा राष्ट्रिय तथा विश्वव्यापी लक्ष्य हासिल गर्न थप टेवा पुग्नेछ ।

एचआइभीको रोकथामका लागि विभिन्न निकाय तथा क्षेत्रहरुको भुमिका रहन्छ । यसका लागि यस विश्व एड्स दिवसमा **“हामी सबैको काम, एचआइभीको रोकथाम”** नाराका साथ सम्पूर्ण सरकारी, गैरसरकारी र निजी संघसंस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, एचआइभी संक्रमणको उच्च जोखिममा रहेका समुह, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूलाई एकजुट भई सक्रिय रूपमा एचआइभीको रोकथाम एवम व्यवस्थापनमा अग्रसर भई लाग्न आह्वान गरिन्छ ।

एचआइभी र एड्स सम्बन्धी विस्तृत जानकारीको लागि सम्पर्क राख्नुहोस् :
नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु, काठमाडौं
फोन नम्बर: ०१-४२६१६५३, फ्याक्स नम्बर: ०१-४२६१४०६
वेब साईट: www.ncasc.gov.np